# माध्यमिक तहमा शिक्षकहरूको शिक्षण प्रतिको धारणा र अभ्यास

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, स्नातकोत्तर तह, दोस्रो वर्ष
पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टिकरण विषयको आंशिक
आवश्यकता पूरा गर्नको लागि प्रस्तुत
शोधप्रतिवेदन

प्रस्तुतकर्ता
विनिता गैरे
एम.एड. दोस्रो वर्ष
परीक्षा रोल नं. : २८००१२/०६६
त्रि.वि. दर्ता नं. ९-८-५०८-१६-२००४

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग
(पाठ्यक्रम तथा मूल्याङ्कन शिक्षण विभाग)
कीर्तिपुर, काठमाडौं
२०६८

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय केन्द्रीय विभाग, कीर्तिपुर, काठमाडौं, स्नातकोत्तर तह दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टिकरण विषयका छात्रा विनिता गैरेले "माध्यमिक तहमा शिक्षकहरूको शिक्षण प्रतिको धारणा र अभ्यास" शीर्षक शोधप्रतिवेदन मेरो निर्देशनमा लेखन कार्य पुरा गर्नु भएकोले आवश्यक मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

...............................

उप. प्रा. किरणराम रञ्जितकार

(शोध निर्देशक)

मिति : २०६८/०३/०२/०५

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर, काठमाडौं, स्नातकोत्तर तह दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टिकरण विषयका छात्रा विनिता गैरेले “माध्यमिक तहमा शिक्षकहरूको शिक्षण प्रतिको धारणा र अभ्यास” शोधशीर्षकमा शोधप्रतिवेदन तयार गरी आवश्यक मूल्याङ्कन गर्न स्वीकृतको लागि सिफारिस साथ यस समितिमा पेश गर्नु भएकोमा स्वीकृति गरिएको छ ।

| **मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
|---|---|
| सह. प्रा. नारायण बस्नेत<br>(पाठ्यक्रम तथा मूल्याङ्कन शिक्षण विभाग)<br>विभागीय प्रमुख | ........................... |
| उप. प्रा. किरणराम रञ्जितकार<br>शोध निर्देशक | ........................... |
| उप. प्रा. विश्ववाला थापा<br>बाह्य परिवेक्षक | ........................... |

मिति : २०६८/०२/०९/०५

## कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय, स्नातकोत्तर तह दोस्रो वर्ष, पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टिकरण विषयको आंशिक आवश्यकता पूरा गर्नका लागि “माध्यमिक तहमा शिक्षकहरूको शिक्षण प्रतिको धारणा र अभ्यास” शीर्षकमा शोधपत्र लेख्ने कार्य सम्पन्न गरी प्रस्तुत गरेको छु ।

यस शोधपत्र अध्ययनको कार्यको सुरुदेखि अन्त्यसम्म नियमित निर्देशन र महत्त्वपूर्ण सुझावहरू दिई पथ प्रर्दशन गर्नुहुने शोध निर्देशक उप. प्रा. किरणराम रञ्जितकार ज्यूप्रति हृदयदेखि आभार प्रकट गर्दछु । त्यसै गरी पाठ्यक्रम तथा मूल्याङ्कन शिक्षण विभागका विभागीय प्रमुख सह. प्राध्यापक श्री नारायण बस्नेत ज्यूप्रति पनि हार्दिक आभार प्रकट गर्दछु । साथै प्रा.डा. तिर्थराज पराजुली, उप. प्रा. शिवराज बढू, उप. प्रा. यशोधरा पन्त र उप.प्रा. विश्ववाला थापा ज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यस अध्ययनका लागि आवश्यक तथ्याङ्क संकलन गर्ने क्रममा सहयोग पुऱ्याउने विद्यालयहरू नेपाल उच्च मा.वि., बैरिया मा.वि., श्री पञ्चकन्या उ.मा.वि.का शिक्षक तथा विद्यार्थीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

त्यसैगरी यस शोधपत्र तयार गर्दासम्म मलाई सदैब हरेक तवरबाट सहयोग पुऱ्याउनु हुने मेरा आदरणीय आमाबुबा र साथीहरूप्रति पनि हृदयदेखि आभार प्रकट गर्दछु ।

अन्तमा शोधपत्र टङ्कन गरी सहयोग पुऱ्याउने सुनेश फोटोकपि एण्ड कम्प्युटर सर्भिसका सुनेश श्रेष्ठलाई पनि धन्यवाद दिन चाहन्छु ।

विनिता गैरे

# शोधसार

आजको युग ज्ञान एवं विज्ञानको युग हो । हरेक राष्ट्रको विकासमा शिक्षाको भूमिका अग्रणी रहन्छ भन्ने कुरा निर्विवाद हो । त्यसैले राष्ट्रको सर्वाङ्गिण विकास गर्नका लागि शिक्षाको विकास हुन जरुरी छ । त्यसमा पनि गुणस्तरीय शिक्षा प्रभावकारी शिक्षण सिकाइ भएकोले होला आज धेरै राष्ट्रहरूले निकै चाँडै आफ्नो मुलुकलाई विकसित राष्ट्रको स्थानमा राख्न सफल भएका छन् । हाम्रो देशमा पनि शिक्षाको विकास र विस्तार गर्न विगत लामो समयदेखि औपचारिक शिक्षाको माध्यमबाट विभिन्न शैक्षिक कार्यक्रमहरू सञ्चालन हुँदै आए पनि अपेक्षित उपलब्धि हासिल हुन सकिरहेको छैन । यसरी अपेक्षित उपलब्धि हासिल हुन सकिरहेको छैन । यसरी अपेक्षित उपलब्धि हासिल नहुनुमा कतै हाम्रो शैक्षिक अभ्यासमा कुनै कमी कमजोरी छ कि शिक्षकहरूको शिक्षण प्रतिको धारणाले प्रभाव पाऱ्यो कि भन्ने लागेर “माध्यमिक तहमा शिक्षकहरूको शिक्षण प्रतिको धारणा र अभ्यास” विषय को यस अध्ययन मार्फत माध्यमिक तहमा अध्यापनरत शिक्षकहरूको शिक्षण प्रतिको धारणा र विषयगत अभ्यासको अवस्था पहिचान गरी आवश्यक सुधारका उपायहरू खोजी गर्न यो अध्ययन अनुसन्धान गरिएको छ ।

“माध्यमिक तहमा शिक्षकहरूको शिक्षणप्रतिको धारणा र अभ्यास” शीर्षकमा गरिएको यस अध्ययनका उद्देश्यहरू निम्न लिखित रहेका थिए :

- शिक्षकहरूको पृष्ठभूमी पहिचान गर्नु ।
- शिक्षकहरूको शिक्षण  प्रतिको धारणा पत्ता लगाउनु ।
- शिक्षकहरूको विषयगत अभ्यासको अवस्था पत्ता लगाउनु ।

प्रस्तुत अध्ययनका लागि चितवन जिल्ला रत्ननगर नगरपालिकाका भ्वानी स्रोत केन्द्र अन्तर्गत रहेका जम्मा ८ वटा माध्यमिक विद्यालयहरूमध्ये उद्देश्यात्मक नमुना छनौट विधिद्वारा ३ वटा विद्यालयलाई छनौट गरिएको थियो । छनौटमा परेका विद्यालयमा गणित विज्ञान र सामाजिक अध्ययन विषय अध्यापन गराउने ९ जना शिक्षकलाई गरिएको थियो । प्रत्येक विद्यालयका कक्षा-९ मा अध्ययन गर्ने ४ जना छात्र र ४ जना छात्रागरी जम्मा २४ जना विद्यार्थीलाई स्तरीकृत विधिद्वारा छनौट गरिएको थियो । छनौटमा परेका प्रत्येक विद्यालयको शिक्षक र विद्यार्थीसँग विश्वसनीयता र वैधता स्थापित भएका व्यक्तिगत विवरण फारम, लिकर्ट स्केल, कक्षा अवलोकन फाराम, शिक्षक अन्तर्वार्ता, प्रश्नावली र विद्यार्थी समूह छलफल निर्देशिका आदि अध्ययन सामग्रीको प्रयोग गरी तथ्याङ्क संकलन गरिएको थियो ।

यस अध्ययनबाट प्राप्त तथ्याङ्कहरूका आधारमा शिक्षकहरूले न्यूनतम शैक्षिक योग्यताका साथै तालिम प्राप्त गरेका पाइयो सबै शिक्षकहरू ब्राह्मण जातका र हिन्दु धर्म मान्नुका साथै पुरुष शिक्षकहरू रहेको पाइयो । सबै शिक्षकहरूको शिक्षण प्रतिको धारणा

सकारात्मक पाइयो, जात, लिङ्ग र उमेर कार्य अनुभवका आधारमा शिक्षकहरूको शिक्षण प्रतिको धारणामा कुनै अन्तर पाइएन । विद्यालयमा कक्षाकोठा व्यवस्थापन कमजोर रहेको, शिक्षकले पूर्वपाठको स्मरण गराए पनि पाठयोजना निर्माण नगरी शिक्षण गरेको पाइयो । शिक्षक निर्देशिकाको पनि प्रयोग भएको पाइएन । गणित विषयमा प्रश्नोत्तर छलफल विधि प्रयोग गरेपनि बढी मात्रामा सबै विषयमा व्याख्यान विधिलाई प्रयोग गरेको पाइयो । शैक्षिक सामग्री प्रयोगमा पनि कमी पाइएको छ । शिक्षकले गृहकार्य दिए पनि दैनिक रूपमा परीक्षण गरेको भने पाइएन ।

विद्यालयमा शिक्षक नियुक्ति गर्दा सम्बन्धित विषयमा विशिष्टिकरण गरेको शिक्षकलाई प्राथमिकता दिनुपर्ने देखिन्छ । महिला शिक्षिका राख्न नीतिगत रूपमा नै प्रयास गर्नुपर्ने देखिन्छ । शिक्षक सेवा आयोगले समय-समयमा विज्ञापन खुलाएर अस्थायी शिक्षकलाई स्थायी गर्नु पर्ने जसले गर्दा शिक्षकहरूको शिक्षण प्रतिको धारणा अझ सकारात्म हुन सक्दछ । विद्यालय प्रशासनले कक्षकोठा व्यवस्थापनमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । पाठ्यक्रम विकास केन्द्रले पाठ्यपुस्तक परिवर्तनसँगै शिक्षक निर्देशिकामा पनि परिवर्तत गरी सबै विदालयमा सर्वसुलभ रूपमा पुऱ्याउनु पर्ने देखिन्छ । शिक्षकले व्याीख्यान विधिको सट्टा विद्यार्थी केन्द्रित विधिको प्रयोगमा जोड दिनुपर्दछ । शिक्षकले दैनिक रूपमा विद्यार्थीको गृहकार्य परीक्षण गरी पृष्ठपोषण दिनुपर्ने देखिन्छ ।

## विषयसूची


| | |
|---|---|
| **सिफारिस पत्र** | **I** |
| **स्वीकृति पत्र** | **II** |
| **कृतज्ञताज्ञापन** | **III** |
| **शोधसार** | **IV** |
| **विषयसूची** | **VI** |
| **तालिकासूची** | **IX** |

**परिच्छेद एक**

**परिचय**

| | | |
|---|---|---|
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ५ |
| १.३ | अनुसन्धानात्मक प्रश्नहरू | ६ |
| १.४ | अध्ययनको उद्देश्य | ६ |
| १.५ | अध्ययनको औचित्य | ७ |
| १.६ | अध्ययनको सीमाङ्कन | ८ |

**परिच्छेद दुई**

**पूर्वसाहित्यको समीक्षा**

| | | |
|---|---|---|
| २.१ | सैद्धान्तिक अध्ययन | ९ |
| २.२ | सम्बन्धित साहित्यको पुनरावलोकन | ११ |
| २.३ | अवधारणात्मक ढाँचा | १४ |

**परिच्छेद तीन**

**अध्ययन विधि**

| | | |
|---|---|---|
| ३.१ | सूचना संकलन ढाँचा | १६ |
| ३.२ | जनसंख्या र नमुना छनोट प्रक्रिया | १६ |
| | ३.२.१ क्षेत्र छनोट | १७ |
| | ३.२.२ विद्यालय छनोट | १७ |

| | | |
|---|---|---|
| | ३.२.३ शिक्षकको छनोट | १७ |
| | ३.२.४ विद्यार्थी छनोट | १७ |
| ३.३ | तथ्याङ्कको स्रोत | १८ |
| | ३.३.१ प्राथमिकत स्रोत | १८ |
| | ३.३.२ द्वितीय स्रोत | १८ |
| ३.४ | सूचना संकलनका साधनहरू | १८ |
| | ३.४.१ शिक्षकको व्यक्तिगत विवरण फाराम | १९ |
| | ३.४.२ लिकर्ट स्केल विधि | १९ |
| | ३.४.३ अन्तर्वार्ता निर्देशिका | १९ |
| | ३.४.४ कक्षा अवलोकन फाराम | १९ |
| | ३.४.५ लक्षित समूह छलफल | १९ |
| ३.५ | साधनको वैधता निर्धारण | २० |
| ३.६ | तथ्याङ्कन संकलन प्रक्रिया | २० |
| ३.७ | तथ्याङ्कको विश्लेषण र व्याख्या | २० |

## परिच्छेद चार

## तथ्याङ्कको विश्लोषण र व्याख्या

| | | |
|---|---|---|
| ४.१ | शिक्षकहरूको पृष्ठभूमी पहिचान गर्नु | २२ |
| | ४.१.१ विशिष्टिकरण गरेको विषय र अध्यापन गर्ने विषय | २२ |
| | ४.१.२ शैक्षिक योग्यता र तालिमको अवस्था | २३ |
| | ४.१.३ कार्यअनुभवको आधारमा शिक्षकको अवस्था | २४ |
| | ४.१.४ शिक्षकहरूको लैङ्गिक अवस्था | २५ |
| | ४.१.५ शिक्षकहरूको उमेरका आधारमा अवस्था | २५ |
| | ४.१.६ जात र धर्मका आधारमा शिक्षकको अवस्था | २६ |
| ४.२ | शिक्षकको शिक्षण प्रतिको धारणा | २६ |
| | ४.२.१ विषयगत आधारमा शिक्षकको शिक्षण प्रतिको धारणा | २६ |
| | ४.२.२ शैक्षिक योग्यताका आधारमा शिक्षकहरूको शिक्षण प्रतिको धारणा | २७ |
| | ४.२.३ तालिमका आधारमा शिक्षकको शिक्षण प्रतिको धारणा | २७ |
| | ४.२.४ कार्यअनुभवको आधारमा शिक्षकको शिक्षणप्रति धारणा | २८ |
| | ४.२.५ उमेरका आधारमा शिक्षकहरूको शिक्षण प्रतिको धारणा | २८ |
| | ४.२.६ जातका आधारमा शिक्षकको शिक्षण प्रतिको धारणा | २९ |
| ४.३ | शिक्षकको विषयगत अभ्यासको अवस्था | २९ |

४.३.१ गणित विषयको विषयगत अभ्यासको अवस्था ३०
४.३.२ विज्ञान विषयको विषयगत अभ्यासको अवस्था ३४
४.३.३ सामाजिक अध्ययन विषयको विषयगत अभ्यासको अवस्था ३९
४.३.४ शिक्षकहरूको शिक्षण प्रतिको धारणा र अभ्यासबीचमा सम्बन्ध ४२

**परिच्छेद पाँच**

**प्राप्ति, निष्कर्ष र सुझावहरू**

५.१ प्राप्ति ४२
५.१.१ शिक्षकहरूको पृष्ठभूमी ४३
५.१.२ शिक्षकहरूको शिक्षण धारणा ४३
५.१.३ विषयगत अभ्यासको अवस्था ४३
५.२ निष्कर्ष ४४
५.३ सुझावहरू ४५
**सन्दर्भग्रन्थसूची**
**अनुसूचीहरू**

# तालिकासूची

| | | | |
|---|---|---|---|
| तालिका नं. ४.१ | : | विशिष्टिकरण गरेको विषय र अध्यापन गर्ने विषय | २३ |
| तालिका नं. ४.२ | : | शिक्षकहरूको शैक्षिक योग्यता र तालिमको अवस्था | २४ |
| तालिका नं. ४.३ | : | कार्यअनुभवको आधारमा शिक्षकको अवस्था | २४ |
| तालिका नं. ४.४ | : | शिक्षकहरूको उमेरका आधारमा अवस्था | २५ |
| तालिका नं. ४.५ | : | विषयगत आधारमा शिक्षण प्रतिको धारणा | २७ |
| तालिका नं. ४.६ | : | शैक्षिक योग्यताका आधारमा शिक्षण प्रतिको धारणा | २७ |
| तालिका नं. ४.७ | : | कार्य अनुभवको आधारमा शिक्षकको शिक्षण प्रतिको धारणा | २८ |
| तालिका नं. ४.८ | : | उमेरका आधारमा शिक्षण प्रतिको धारणा | २९ |
| तालिका नं. ४.९ | : | कक्षाकोठा व्यवस्थापनको अवस्था | ३० |
| तालिका नं. ४.१० | : | पूर्वपाठको स्मरण | ३१ |
| तालिका नं. ४.११ | : | पाठयोजना निर्माणको स्थिति | ३२ |
| तालिका नं. ४.१२ | : | शिक्षण विधिको प्रयोग | ३३ |
| तालिका नं. ४.१३ | : | कक्षाकोठा व्यवस्थापनको अवस्था | ३४ |
| तालिका नं. ४.१४ | : | पूर्वपाठको स्मरण | ३५ |
| तालिका नं. ४.१५ | : | शिक्षण विधिको प्रयोग | ३६ |
| तालिका नं. ४.१६ | : | कक्षाकोठा व्यवस्थापनको अवस्था | ३८ |
| तालिका नं. ४.१७ | : | शैक्षिक सामग्री प्रयोगको अवस्था | ४९ |
| तालिका नं. ४.१८ | : | शैक्षिक सामग्री प्रयोगको अवस्था | ४० |
| तालिका नं. ४.१९ | : | शिक्षक निर्देशिका प्रयोगको अवस्था | ४१ |